# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) मुकामः बुटवल, भदौ ३१ गते, २०७९ साल (अतिरिक्ताङ्क १९

# भाग ३

## प्रदेश सरकार

## उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७९।०५।१६ को निर्णयानुसार "वन पैदावारमा आधारित उद्योग र राष्ट्रिय वन बिचको दुरी सम्बन्धी मापदण्ड, २०७९" स्वीकृत भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

### वन पैदावारमा आधारित उद्योग र राष्ट्रिय वन बिचको दुरी सम्बन्धी मापदण्ड, २०७९

**प्रस्तावना:** प्रदेशभित्र वनपैदावारमा आधारित उद्योगको स्थापना, विकास र प्रवर्द्धनका लागि वन पैदावारमा आधारित उद्योग र राष्ट्रिय वन बिचको दुरी सम्बन्धी मापदण्ड समयानुकुल कायम गर्न आवश्यक भएकोले प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ को दफा ४४ को अधिकार प्रयोग गरी लुम्विनी प्रदेश सरकारले यो मापदण्ड बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस मापदण्डको नाम "वन पैदावारमा आधारित उद्योग र राष्ट्रिय वन बिचको दुरी सम्बन्धी मापदण्ड, २०७९" रहेको छ ।

(२) यो मापदण्ड प्रदेश सरकारबाट स्वीकृत भई प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा:-

(क) “उद्योग र राष्ट्रिय वन वीचको दुरी” भन्नाले वन पैदावारमा आधारित उद्योग र सबै भन्दा नजिक पर्ने राष्ट्रिय वनको बाहिरी सीमाना बिचको सिधा हवाई दुरीलाई सम्झनु पर्छ ।

(ख) “पावर चेन स” भन्नाले विद्युत वा अन्य ईन्धनको प्रयोग हुने स्वःचालित रुख काट्ने आरा वा सोही प्रकारका औजार तथा उपकरण सम्झनु पर्छ ।

(ग) “मन्त्रालय” भन्नाले प्रदेश सरकारको उद्योग विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(घ) “राष्ट्रिय वन” भन्नाले निजी स्वामित्वको जग्गा वाहेक प्रदेश भित्रको सबै वन सम्झनुपर्छ र सो शब्दले वनले घेरिएको वा

वनक्षेत्रसँग जोडिएको पर्ती वा ऐलानी जग्गा तथा वनभित्र रहेका बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेतलाई जनाउँछ ।

(ङ) “वन पैदावारमा आधारित उद्योग” भन्नाले सःमिल, उड सिजनिङ प्लाण्ट, उड ट्रिटमेन्ट प्लाण्ट वा फर्निचर, भेनियर, प्लाइउड, कत्था रोजिन एण्ड टर्पेन्टाइन, सालसिड तेल, जडिबुटी (हर्बल प्रोडक्ट), पार्टिकल बोर्ड, कम्पोजिट उड, पार्केटिङ, हाते कागज, अल्लोको बस्तु उत्पादन गर्ने लगायत काठ, जडीबुटी वा अन्य वन पैदावारलाई प्रमुख कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योगलाई सम्झनु पर्छ ।

(च) “सम्बन्धित निकाय” भन्नाले प्रचलित कानुन बमोजिम वन पैदावारमा आधारित उद्योग दर्ता गर्ने अधिकार प्राप्त निकाय सम्झनु पर्छ ।

३. **<u>वन पैदावारमा आधारित उद्योग र राष्ट्रिय वन वीचको दुरीः</u>** वन पैदावारमा आधारित उद्योग स्थापना गर्दा उद्योग र राष्ट्रिय वन बिचमा देहाय बमोजिम दुरी कायम गरिएको छः-

| सि.न. | उद्योगको किसिम | भौगोलिक क्षेत्र (कि.मी) | |
|---|---|---|---|
| | | उच्च एवम् मध्य पहाडी क्षेत्र | चुरे, भित्री मधेश तथा तराई क्षेत्र |
| १ | फर्निचर | | |
| १.१ | १८ इन्चसम्म आराप्रयोग | ०.१० | ०.२५ |

| | | | |
|---|---|---|---|
| | हुने उद्योग | | |
| १.२ | १८ इन्चदेखि ३५ इन्चसम्म आरा प्रयोग हुने उद्योग | ०.२५ | ०.३० |
| १.३ | ३६ इन्च तथा सो भन्दा बढी साइजको आरा वा बैण्ड सः प्रयोग हुने सबै खाले उद्योग (सःमील समेत) | ०.३० | ०.५ |
| २ | उड सिजनिङ प्लाण्ट, भेनियर तथा प्लाईउड, पार्टिकल बोर्ड कम्पोजिट उड, पार्केटिङ उद्योग | ०.५ | १.५ |
| ३ | दाउरा तथा काठ र यस्तै प्रकृतिका कच्चा पदार्थलाई पूर्ण वा आंशिक रुपले प्रयोग गर्ने उद्योग | ०.५ | १.५ |
| ४ | कत्था तथा रोजिन एण्ड टर्पेटाइन उद्योग | ०.५ | १.५ |
| ५ | सालसिड तेल, जडिबुटी (हर्बल, प्रोडक्ट) हाते कागज, अल्लोका वस्तु उत्पादन गर्ने उद्योग लगायत काठ, जडीबुटी वा अन्य वन | ०.५ | १.५ |

| | | | |
|---|---|---|---|
| | पैदावारलाई प्रमुख कच्चा पदर्थिको रुपमा प्रयोग गर्ने उद्योग | | |

४. **<u>सिफारिस समिति सम्बन्धी व्यवस्थाः</u>** (१) वन पैदावारमा आधारित उद्योग दर्ता गर्दा प्रत्येक जिल्लामा उद्योग र वन वीचको दुरी प्रमाणित गर्न देहाय बमोजिमको समिति रहनेछः

(क) कार्यालय प्रमुख, सम्बन्धित डिभिजन वन कार्यालय - संयोजक

(ख) सम्बन्धित नापि कार्यालयको प्रमुखले तोकेको अमिन - सदस्य

(ग) सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयले तोकेको प्रतिनिधि - सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले उद्योग र वन वीचको दुरी प्रमाणित गरि सम्बन्धित निकायमा सिफारिस गर्नुपर्नेछ । सम्बन्धित निकायमा वन पैदावारमा आधारित उद्योग दर्ता गर्दा अन्य आवश्यक कुराहरुका अतिरिक्त उक्त समितिको सिफारिस प्रतिवेदन अनिवार्य हुनेछ।

५. **<u>दुरी लागु नहुनेः</u>** यस मापदण्डमा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिम वन पैदावारमा आधारित उद्योगको हकमा यो मापदण्ड अनुसारको दुरी लागू हुने छैनः-

क) औद्योगिक क्षेत्र वा उद्योगग्राम भित्र सञ्चालन हुने उद्योग,

ख) सामुदायिक वन उपभोक्ता समूह आफैले वा समूहले निजी क्षेत्रसंगको साझेदारीमा सञ्चालन हुने उद्योग,

ग) नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहने गरी सञ्चालन हुने उद्योग,

घ) सम्बन्धित डिभिजन वन कार्यालयको स्वीकृति लिई वन जङ्गलमा कुनै हानी नोक्सानी नपुऱ्याई र काठ/दाउराको प्रयोग नगरी सुगन्धित वनस्पतिबाट तेल निकाल्ने उद्योग ।

६. **<u>जडीबुटी प्रशोधन प्लाण्ट सम्बन्धी व्यवस्थाः</u>** (१) सामुदायिक वन उपभोक्ता समूह वा गरिबमुखी कबुलियती वन समूहले आफै वा निजी क्षेत्रसँगको साझेदारीमा कार्ययोजनामा व्यवस्था भए बमोजिम आफ्नो सामुदायिक वन वा कबुलियती वनभित्रको खाली जग्गामा जडीबुटी प्रशोधन प्लाण्ट स्थापना र सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जडीबुटी प्रशोधन प्लाण्ट स्थापना गर्दा अन्य आवश्यक कुराहरुका अतिरिक्त दफा ४ को उपदफा (१) बमोजिमको समितिको सिफारिस प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ।

७. **<u>पावर चेन सः दर्ता गर्नुपर्नेः</u>** (१) कुनै सामुदायिक वन समूहले पावर चेन सः प्रयोग गरी वन व्यवस्थापन गर्नु परेमा डिभिजन वन कार्यालयमा पावर चेन सः दर्ता गराउनु पर्नेछ ।

(२) यो मापदण्ड कार्यान्वयन हुनु भन्दा अघि प्रयोगमा आएका पावर चेन सः समेत यो मापदण्ड लागू भएको एक महिनाभित्र अनिवार्य रुपमा दर्ता गराउनु पर्नेछ ।

(३) दर्ता नगरी पावर चेन सः प्रयोग गरेमा डिभिजन वन कार्यालयले जफत गरी प्रचलित कानून बमोजिम कारबाही गर्न सक्नेछ ।

८. **जानकारी गराउनु पर्नेः** वन पैदावारमा आधारित उद्योग सञ्चालन गर्दा सम्बन्धित उद्योगमा प्रयोग हुने कच्चा पदार्थको स्रोत प्राप्तिको जानकारी सम्बन्धित उद्योगले डिभिजन वन कार्यालय वा मातहतको नजिकको वन कार्यालयलाई अर्धवार्षिक रुपमा गराउनु पर्नेछ ।

९. **वन पैदावारको मौज्दात प्रमाणित गर्ने सम्बन्धी व्यवस्थाः** वन पैदावारमा आधारित वन उद्योगहरुको डिभिजन वन कार्यालयहरुबाट समय समयमा अनुगमन गरी मासिक रुपमा मौज्दात (स्टक) प्रमाणित गर्नुपर्नेछ। वन पैदावारमा आधारित उद्योगहरुले नियमानुसार कर चुक्ता गरेको आधारमा मौज्दात (स्टक) घटाउनु पर्नेछ ।

१०. **कारवाही सम्बन्धी व्यवस्थाः** कसैले यस मापदण्ड बिपरित कार्य गरेमा प्रचलित कानुन बमोजिमको कारवाही हुनेछ।

११. **अनुगमन तथा निरीक्षणः** यस मापदण्डमा उल्लेखित उद्योगको सम्बन्धित डिभिजन वन कार्यालय र घरेलु तथा साना उद्योग कार्यालयले प्रभावकारी रुपमा अनुगमन तथा निरीक्षण गरी वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयमा बुझाउनु पर्नेछ ।

१२. **बाधा अड्काउ फुकाउनेः** यस मापदण्डको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न गराउन सक्नेछ ।

**आज्ञाले,**

**उद्धव बहादुर घिमिरे**

**प्रदेश सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय